जिल्ला प्रशासन कार्यालय रसुवाबाट अर्धवार्षिक रुपमा प्रकाशित

# प्रशासन बुलेटिन २०७५

ADMINISTRATION BULLETIN 2075

वर्ष १ | २०७५ (श्रावण १ देखि पौष मसान्तसम्म) | अंक १






**कृष्ण पौडेल**
प्रमुख जिल्ला अधिकारी

## प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति, सुरक्षा र सु-व्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरूद्वका कसुर, उपभोक्ता हित लागायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको सुरू कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरूमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय रसुवाका मुख्य मुख्य कार्यहरू हुन् । यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरूका बारेमा सरोकारवालाहरूलाई सुसुचित गराइ प्राप्त पृष्ठपोषणका आधारमा थपजनमैत्री सार्वजनिक प्रशासन सञ्चालनका लागि २०७५ श्रावण १ देखि पौष मसान्तसम्मको कार्यसम्पादन अवस्था उल्लेख गरी अर्धवार्षिक बुलेटिन प्रकाशन गरिएको छ । आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका गतिविधिहरूका साथै जिल्लास्थित सरकारी निकायहरूबाट भएका असल अभ्यासहरूलाई समेत समावेश गरी नियमित रूपमा अर्धवार्षिक वुलेटिन प्रकाशन गरिनेछ । सेवाग्राही तथा अन्य सरोकारवाला व्यक्ति र निकायबाट प्राप्त सुझावका आधारमा वुलेटिनमा समावेश गर्नुपर्ने विषयवस्तुहरू निर्धारण गरिने भएकोले आवश्यक पृष्ठपोषणका लागि सम्वद्ध पक्षहरूमा हार्दिक अनुरोध गर्दछु ।

**सल्लाहकार**
कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

**सम्पादक समूह**
स.प्र.जि.अ. देवर्षि सापकोटा
ना.सु. विष्णु प्रसाद रिमाल
ना.सु. कृष्णहरी पुडासैनी
खरिदार कुमार निरौला

**कम्प्युटर**
क.अ. अशोक कुमार चौधरी
क.अ. विकाश भट्टराई

### रसुवा जिल्लाको नक्सा (स्थानीय संरचना अनुसार)








# रसुवा जिल्लाको परिचय

**१. भौगोलिक अवस्थिति :**

- **क्षेत्र :** हिमाली
- **अक्षांश** : २८ डिग्री ० मिनेटदेखि २८ डिग्री १५ मिनेट उत्तरी अक्षांश
- **देशान्तर** : ८५ डिग्री १५ मिनेटदेखि ८५ डिग्री ५० मिनेट पूर्वी देशान्तर
- **सिमाना** :
  पूर्व - सिन्धुपाल्चोक
  पश्चिम - धादिङ
  उत्तर - चीनको स्वशाशित क्षेत्र तिव्वत
  दक्षिण - नुवाकोट
- क्षेत्रफल : २०८५ वर्ग किलो मिटर

**२. राजनैतिक विभाजन :**

- **प्रदेश** : ३ (तीन)
- **स्थानीय तह :** ५ गाउँपालिका
- **निर्वाचन क्षेत्र** : १ प्रतिनिधि सभा, २ प्रदेश सभा
- **जिल्ला सदरमुकाम** : धुन्चेवजार (१९५० मिटर)
- **जनसंख्या** : ४३,३०० (१,१६७ संस्थागत समेत) (पुरूष - ४९.६५ महिला -५०.४५)

**३. धार्मिक / ऐतिहासिक / पदमार्ग / पर्यटकीय क्षेत्र**

- लामटाङ लिरूङ हिमाल (७२२७ मिटर)
- गोसाइकुण्ड/भैरव कुण्ड/सरस्वती कुण्ड/सूर्य कुण्ड (४३८० मिटर)
- पार्वती कुण्ड (२५०४ मिटर)
- उत्तरगया धाम (६१४ मिटर)
- कालिका भगवती
- तातोपानी/टिमुरे (१७६२ मिटर)
- लामटाङ/केन्जिङ उपत्यका
- रसुवागढी (१८१४ मिटर)
- वेत्रावती
- लाङटाङ राष्ट्रिय निकुन्ज
- तामाङ सम्पदा/पदमार्ग
- लामटाङ पदमार्ग
- धुन्चे-गोसाइकुण्ड-हेलम्बु-सुन्दरीजल पदमार्ग

**४. जातजाती**

- तामाङ : ६७.७
- ब्राम्हण : १४.८
- गुरूङ र घले : ४.५

**५. भाषा**

- तामाङ : ६६.६
- नेपाली : २५.६

| सि.न. | गाउँपालिकाको नाम | क्षेत्रफल (वर्ग कि मि) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| क | उत्तरगया गाउँपालिका | १०४.५१ (५%) | ८२५५ (१९.६%) | खाल्टेवगर |
| ख | कालिका गाउँपालिका | १९२.५४ (९.२%) | ९४२१ (२२.४%) | कालिकास्थान |
| ग | नौकुण्ड गाउँपालिका | १२६.९९ (६.१%) | ११८२४ (२८.१%) | पारच्याङ |
| घ | गोसाइकुण्ड गाउँपालिका | ९७८.७७ (४६.९%) | ७१४३ (१७%) | स्याफ्रुवेशी |
| ङ | आमाछोदिङ्मो गाउँपालिका | ६८२.२३ (३२.७%) | ५४९० (१३%) | गोल्जुङ |

# जिल्ला प्रशासन कार्यालय रसुवा : मुख्य कार्य तथा प्रयासहरू

जिल्लामा शान्ति, सुरक्षा र सु-व्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा शान्ति, सुरक्षा र सु-व्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजानिक शान्ति विरूद्वका कसुरहरूमा अर्धन्यायिक निकायको रूपमा सुरू कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरूमा समन्वय सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय रसुवाका मुख्य मुख्य कार्यहरू हुन् ।

## क. जिल्ला प्रशासन कार्यालय, रसुवाबाट प्रवाह गरिने सेवा / कार्यहरू

**१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धी कार्य:**

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदायस्तरसम्म सचेतीकरण गर्ने,
- सुरक्षा निकायहरूको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरूसँग सहकार्य गर्ने,

**२. स्थानीय प्रशासन सम्बन्धी कार्य :**

- संघ संस्था दर्ता, नविकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति तथा नियमन गर्ने,
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने,
- विष्फोटक पदार्थ प्रयोगको इजाजत,

नविकरण तथा नियमन गर्ने,

- तिब्बतीयन शरणार्थी परिचय पत्र नविकरण तथा नियमन गर्ने,
- सार्वजानिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने,
- नाम,थर वा उमेर आदि प्रमाणित गर्ने
- नावालकको उमेर प्रमाणित गर्ने,
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस गर्ने,
- दलित, आदिवासी/जनजाति सिफारिस / प्रमाणित गर्ने
- पत्रपत्रिका दर्ता गर्ने,



- छापाखाना दर्ता गर्ने,
- पारिवारिक विवरण प्रमाणित गर्ने,
- नाता प्रमाणित गर्ने,

**३. राहदानी सम्बन्धी कार्य:**

- राहदानी फाराम संकलन गर्ने,
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधन गर्ने,

**४. नागरिकता सम्बन्धी कार्य :**

- वंशजको आधारमा नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वितरण गर्ने,
- नाम थर जन्म मिति संशोधन गर्ने,

**५. अर्धन्यायिक कार्य:**

- सार्वजानिक शान्ति विरूद्वका कसुरहरूको सुरू कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरूमा सुरू कारवाही तथा न्यायिक निर्णय गर्ने ।

**६. बजार अनुगमन/ उपभोक्ता हित सम्बन्धी कार्य :**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति, पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने ।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने ।

**७. विपद् व्यवस्थापन सम्बन्धी कार्य :**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- मनसुन आपतकालीन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- विपद् क्षति विवरण संकलन तथा विपद् पीडितहरूलाई क्षतिपूर्ति एवम् राहत वितरण गर्ने,

**८. अख्तियार दुरूपयोग अनुसन्धान सम्बन्धी कार्य :**

- नेपाल राजपत्र भाग (४, संख्या ४३, मिति २०७५/०८/२४ अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसारका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूको छानविन र विस्तृत अनुसन्धान तथा कारवाही सम्बन्धी कार्य गर्ने,

**९. विविध कार्य :**

- गुनासो सुनुवाई गर्ने,
- विकास आयोजनाहरू कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसँग समन्वय गर्ने,
- सरकारी निकायबाट हुने सार्वजानिक सेवा प्रवाहको अनुगमन गर्ने,
- नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने ।

## ख. शाखा

जिल्ला प्रशासन कार्यालयबाट कार्य विवरण अनुसारका कार्यहरू सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका शाखाहरूको व्यवस्था गरिएको छ ।

१. स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा शाखा
२. नागरिकता तथा प्रतिलिपि शाखा
३. राहदानी तथा जिन्सी दर्ता शाखा
४. गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
५. आर्थिक प्रशासन शाखा

## ग. कर्मचारी दरवन्दी : दरवन्दी (२० जना (कार्यरत १६ जना)

| क्र. सं. | पद | दरवन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुव्बा | ४ | २ | २ रिक्त |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | २ | २ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | |
| | जम्मा | २० | १६ | |

## घ. कार्यसम्पादन अवस्था :

| क्र. सं. | सम्पादन गरेको काम | | आ.व. २०७४/७५ को जम्मा | आ.व. २०७५/७६ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसीर | पौष |
| १ | नागरिकता वितरण | बंशज | १०९० | ७७ | ५३ | ५८ | ९२ | ४२७ | ५८ |
| | | वैवाहिक अंगिकृत | ४ | ० | ० | ० | ० | ० | १ |
| २ | नागरिकताको प्रतिलिपि वितरण | | १९६९ | १७६ | १४५ | १२३ | १६५ | १५८ | १६९ |
| ४ | राहदानी सिफारिस | | ५६० | ६३ | ६४ | २६ | २३ | ४८ | ५० |
| ५ | राहदानी वितरण | | ५४३ | ५५ | ३४ | ४४ | ४१ | ७२ | ५० |
| ६ | गुनासो वा ठाडो उजुरी | | ७८ | १० | ८ | ११ | २ | ५ | १० |

| क्र. सं. | सम्पादन गरेको काम | आ.व. २०७४/७५ को जम्मा | आ.व. २०७५/७६ | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसीर | पौष |
| ७ | नाम,थर उमेर आदि प्रमाणित | ८ | १ | - | २ | ० | १ | - |
| ८ | नाबालक प्रमाणपत्र | ३४ | ६ | ५ | १ | ७ | २ | ३ |
| ९ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | २ | ० | ० | ० | ० | ० | ० |
| १० | संस्था दर्ता | १२ | १ | ० | १ | ० | ५ | ३ |
| ११ | संस्था नविकरण | ४८ | २ | ३ | १५ | ४ | १२ | ० |
| १२ | संस्थाको विधान संशोधन | २ | ० | ० | ० | ० | ० | १ |
| १३ | पत्रपत्रिका दर्ता | १ | ० | ० | ० | ० | ० | ० |
| १४ | हातहतियार नामसारी | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | हातहतियार जिल्ला भित्रको नविकरण | ४ | ० | ० | ० | ० | ० | ० |
| १६ | हातहतियार नेपाल भरिको नविकरण | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | विष्फोटक पदार्थ इजाजतपत्र | ५ | ० | ० | ० | ० | १ | ० |
| १८ | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | ११ | ० | ० | ० | १ | ० | ० |
| १९ | सार्वजनिक अपराधरसार्वजानिक शान्ति विरूद्वका कसुर सम्बन्धी मुद्दा दर्ता | २५ | २ | ० | ० | १ | ३ | २ |
| २० | सार्वजनिक अपराधरसार्वजानिक शान्ति विरूद्वका कसुर सम्बन्धी मुद्दा फर्छौट | ६ | ६ | २ | ३ | ० | ३ | १ |
| २१ | एकीकृत घुम्ति सेवा शिविर | २ | ० | ० | ० | ० | १ | ० |
| २२ | बजार अनुगमन | २ | ० | ० | ० | ० | १ | ० |
| २३ | विपद् राहात वितरण | | रू. १६,४९,००० बराबरको राहत वितरण | | | | | |
| २४ | स्वास्थ्य सुविधा सहितको सार्वजनिक सेवा वितरण | ४०० | २५ | ४५ | ६० | ८५ | १६० | १२५ |
| २६ | बैठक सञ्चालन | | | | | | | |
| | जिल्ला सुरक्षा समिति | २१ | १ | २ | २ | ३ | ३ | १ |
| | कार्यालय प्रमुख | १५ | १ | १ | १ | १ | १ | १ |
| | सूचना अधिकारी | ४ | १ | ० | ० | २ | ० | ० |
| २७ | राजश्व संकलन (पौष मसान्त, २०७५ सम्मको) | | | | | | | |
| | राहदानी | | २,७५,००० | ३,००,००० | १,८५,००० | ३,०५,००० | ३,००,००० | ३,००,००० |
| | संघसंस्था दर्ता/नविकरण | | १७,५०० | २,००० | २६,००० | ४,००० | २४,००० | १०,५०० |
| | न्यायिक दण्ड जरिवाना | २,२२,००० | | | | | | |
| | धरौटी | | ७,००० | ० | ० | ० | ३५,००० | १२,००० |
| २८ | कार्यालयको खर्च विवरण(पौष मसान्त, २०७५ सम्मको) | | | | | | | |
| | पूँजीगत तर्फ | | ९,०३,७७०.२० | | | | | |
| | चालु तर्फ | | ४९,९७,१७७.१० | | | | | |

## ङ. जिल्ला प्रशासन कार्यालयबाट सुशासन/ सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा भएका मुख्य-मुख्य प्रयासहरु

**१. जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन**

ã नेपाल सरकार गृह मन्त्रालयबाट जारी गरिएको गृह प्रशासन सुधार कार्ययोजना २०७४ तथा समय समयमा प्राप्त अन्य निर्देशन, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट जारी निर्देशनका साथै जिल्लाको समग्र वस्तुस्थितिका आधारमा "जिल्ला प्रशासन सुधार कार्ययोजना रसुवा २०७५" जारी गरिएको छ । जिल्लामा शान्ति सुरक्षा व्यवस्था, सार्वजानिक सेवा प्रवाह/सुशासन, सूचना प्रविधिमा आधारित जिल्ला प्रशासन, जनशक्ति व्यवस्थापन, विपद् जोखिम न्यूनिकरण तथा क्षमता अभिवृद्वि, अनुशासन र सदाचारिता, सामाजिक अपराध न्यूनिकरण लगायतका विषयहरूमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरी सरोकारवाला व्यक्ति, पदाधिकारी तथा निकायहरू (निजामति कर्मचारीहरूको आधिकारीक ट्रेड युनियन, विषयगत कार्यालयहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, नागिरक समाज, राजनैतिक दल लगायत) को राय सुझाव समेतका आधारमा कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भैरहेको छ । हालसम्म करिव ८० प्रतिशत क्रियाकलापहरू कार्यान्वयन भैसकेको अन्य क्रियाकलापहरू कार्यान्वयनको क्रममा रहेको छ ।

**२. स्वास्थ्य सुविधा सहितको सार्वजनिक सेवा**




ã सेवाग्राहीहरूको उच्च चाप रहेका कार्यालयहरू जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय र मालपोत कार्यालयमा हरेक हप्ताको आइतबार कार्यालयमा आउने सेवाग्राहीहरूलाई स्वास्थ्यकर्मीबाट नि:शुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधी वितरण कार्य भैरहेको छ । बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म जिल्ला प्रशासन कार्यालय र दिउसो १:०० बजेदेखि ५:०० बजेसम्म मालपोत र नापी कार्यालयमा २०७५ जेष्ठ महिनाको अन्तिम आइतबारदेखि निरन्तर रूपमा सेवा सञ्चालन भइरहेको छ । यो सेवाबाट हालसम्म करिव ७०० सेवाग्राही लाभान्वित भैसकेका छन् ।

**३. हटलाईन सेवा सञ्चालन**



ã जिल्ला भित्रको समग्र शान्ति सुरक्षा, सार्वजानिक सेवा प्रवाह, विपद्, सुशासन सम्बन्धी कुनै गुनासो, सल्लाह वा सुझावहरू प्राप्तिका लागि २०७५ असारको पहिलो हप्तादेखि ०१०-५४००१९ बाट हटलाईन सेवा निरन्तर सञ्चालन गरिएको छ । उक्त सेवा २४ सै घण्टा उपलब्ध हुने साथै गुनासोकर्ताहरूबाट प्राप्त गुनासोहरूलाई तत्काले सम्बोधन गरी सो को अद्यावधिक जानकारी समेत गुनासोकर्तालाई उपलब्ध गराइने व्यवस्था मिलाइएको छ ।

**४. सेवाग्राहीहरूका लागि Wi-Fi, शुद्व खानेपानी, चियाको नि:शुल्क सुविधा**



ã सेवाग्राही मैत्री कार्यालय वातावरण सिर्जनाका लागि २०७५ बैसाख मसान्तदेखि कार्यालय परिसर भित्र Free Wi-Fi, शुद्व खानेपानी (तातो, चिसो) तथा आफ्नो इच्छा अनुसार कालो चिया (Tea) समेत खान सकिने व्यवस्था मिलाइएको छ । सेवाग्राहीहरूले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवाहरू प्रयोग गर्ने गरेका छन् ।

**५. स्तनपान कक्ष व्यवस्थापन**




ã सुत्केरी तथा साना वच्चा भएका महिला सेवाग्राहीहरूको लागि स्थलपान कक्ष निर्माण गरिएको छ । विगतमा निर्माण भएको कक्षलाई अझ व्यवस्थित वनाइएको छ ।

**६. लैङ्गिक मैत्री शौचालय व्यवस्थापन**




ã कार्यालयमा पुरूष तथा महिला सेवाग्राहीहरूको लागि छुट्टा छुट्टै सफा तथा पर्याप्त पानीको सुविधा सहितको शौचालयको व्यवस्था गरी महिला शौचालयमा सेनीटरी प्याडको समेत व्यवस्था गरिएको छ ।

**७. सुविधायुक्त प्रतिक्षालय**



ã कार्यालय परिसरमा रहेको प्रतिक्षालयमा चिसो मौसममा न्यानो हुने गरी झ्याल तथा ढोकाको व्यवस्था गरिनुका साथै जिल्लाको समग्र विशेषता झल्कने गरी विभिन्न दृष्य सामाग्रीहरू राखिएको छ । साथै प्रतिक्षालय भित्र सेवा प्राप्तिका लागि आवश्यक पर्ने सूचना, फारम, निवेदन लेख्नका लागि कागज, कलम, स्ट्याम्प प्याड लगायतका सामाग्रीहरू व्यवस्थापन गरिएको छ ।

**८. पाँच वटै गाउँपालिकाको पहिचान सहितको स्तम्भ निर्माण**



ã कार्यालयको प्राङगणमा जिल्लाको समग्र राजनैतिक विभाजनका बारेमा सेवाग्रारीहरूलाई जानकारी गराउने उद्देश्यले ५ वटै गाउँपालिकाको वडा सिंमांकन तथा नामाकरण सहितको नक्सा तथा जिल्लाको समग्र नक्सा स्तम्भ निर्माण गरिएको छ ।

**९. कार्यालयका गतिविधिहरू Website, Facebook page, Twitter र SMS मार्फत नियमित रूपमा अद्यावधिक गर्ने गरिएको :**

ã कार्यालयका सम्पूर्ण गतिविधिहरू, मासिक प्रगति, सूचना, जानकारीहरुलाई कार्यालयको वेबसाइट: www.daorasuwa.moha.gov.np, Facebook page : daorasuwa, Twitter: @Rasuwadao र SMS (MoHA) मार्फत नियमित रूपमा अद्यावधिक गरी सार्वजानिक गर्ने गरिएको छ । जसबाट सेवाग्राहीहरूको सूचनाको हक कार्यान्वयनमा सुनिश्चित भएको छ । जिल्ला प्रशासन कार्यालयका साथै जिल्लामा रहेका सबै सरकारी कार्यालयहरूको




Website, facebook पेज सञ्चालन मा रहेको छ ।

**१०. CCTV जडान तथा Networking**




ã जिल्ला प्रशासन कार्यालय परिसर भित्र सेवाग्राही तथा कर्मचारीहरूका गतिविधि निगरानी हुने गरी ५ वटा CCTV जडान गरीएको छ । साथै सामाजिक अपराध, अवैध चोरी पैठारी, अवैध वस्तुको ओसारपसार, सडक दुर्घटना लगायतका गतिविधिहरू न्यूनिकरण गरी जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि वेत्रावतीदेखि रसुवागढी नाकासम्म पासाङल्यामू सडक खण्डको मुख्य बजार क्षेत्र, दुर्घटना क्षेत्र, प्रहरी चेक प्वाइन्ट, आपधारिक गतिविधि हुनसक्ने सम्भावित क्षेत्रहरूमा CCTV जडान गरी सम्बन्धित प्रहरी चौकीहरूमा Networking गर्नका लागि स्थानीय तहसँगको अनुरोधमा जडान कार्य भैरहेको छ ।

**११. सबै सरकारी कार्यालयहरूमा Fire Extinguisher जडानको प्रक्रिया शुरु**

ã रसुवा जिल्ला आगलागीको दृष्टिले संवेदनशील क्षेत्र भएतापनि अग्नी नियन्त्रक उपकरणको अभाव भएकोले हरेक सरकारी कार्यालयले कम्तिमा १र१ वटा Fire Extinguisher जडानका लागि प्रक्रिया शुरू गरि सकिएको छ । साथै स्थानीय तह अन्तर्गत सरकारी कार्यालयहरूमा साथै बजार क्षेत्र, बैंक वित्तीय संस्था, होटल तथा ठूला व्यावसायिक भवनहरूमा कम्तिमा १/१ वटा उच्च क्षमताका Fire Extinguishers राख्ने कार्य सुरूवात भएको छ ।

**१२. Help Desk सञ्चालन**

ã कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको प्रक्रियाका बारेमा सेवाग्राहीहरूलाई सहयोग गर्ने साथै निवेदन, फारमहरू (फारम भर्न विशेषज्ञता आवश्यक पर्ने बाहेक जस्तै सही, सनाखत र राहदानी) Help Desk बाटै लेख्नेरभर्ने व्यवस्था मिलाईएको छ । साथै जिल्लाका सबै सरकारी कार्यालयहरूमा सो को व्यवस्थापनका लागि अनुरोध गरिएको छ ।



### १३. SMS Alert system सञ्चालन




ã विपद सम्बन्धी घटनाको जानकारी भएको ढिलोमा ५ मिनेट भित्र सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू, माननीय सभासदज्यूहरू, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरू, स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, सरकारी कार्यालयका प्रमुख, स्थानीय प्रहरी चौकीका प्रमुख तथा पत्रकार सहित १६० जना व्यक्तिहरूलाई एकैपटक गराइदै आएको छ । जसबाट जिल्लामा घटेका विपद्का घटनाहरूको बारेमा सरोकारवालाहरूलाई जानकारी हुनुका साथै विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभको जिम्मेवारी पाएका सरकारी निकाय तथा गैरसरकारी निकायहरूलाई आफ्नो तयारी तथा सतर्क रहन सहयोगी भएको छ । विपद् सम्बन्धी सन्देश बाहेक का क्षेत्रहरूमा समेत यो व्यवस्था कार्यान्वयन गरिएको छ ।

### १४. सबै सरकारी कार्यालयमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था




ã जिल्लास्थित सबै सरकारी कार्यालयहरूबाट आफ्नो कार्यालयसँग सम्बन्धित सूचना सम्प्रेषण गर्नका लागि जिम्मेबार कर्मचारीलाई सूचना अधिकृत तोकीएको छ । साथै सबै सूचना अधिकारीहरूको फोटो सहितको विवरण जिल्ला प्रशासन कार्यालयको Website मा अद्यावधिक गरी राखिएको छ । जसबाट सेवाग्राहीहरूको एउटै स्रोतबाट जिल्लाका सबै सूचना अधिकारीहरूको सम्पर्क विवरण पाउने र सूचना प्राप्त गर्न सहयोग भएको छ । साथै सरकारी कार्यालयमा सूचना अधिकारीहरूको लागि छुट्टै सिमकार्डको समेत व्यवस्था गरिएको छ ।

### १५. विद्युतीय (E-attendance) हाजिरी सञ्चालन



ã जिल्ला प्रशासन कार्यालयले २०७५ श्रावण १ गते देखि कार्यालयका सबै कर्मचारीहरूको ई ( हाजिरी सुरु गरेको छ । त्यस्तै जिल्लामा रहने सबै कार्यालयहरूले विद्युतीय हाजिरीको सुरूवात गर्नका लागि अनुरोध गरिएको छ ।

### १६. Digital Citizen Charter व्यवस्थापन

ã जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवा, मापदण्ड लगायत यस जिल्लाको धार्मिक, पर्यटकीय क्षेत्रहरू, सामाजिक अपराध सम्बन्धी जानकारीमूलक श्रब्य दृष्य सामाग्रीहरू Digital Citizen Charter मार्फत प्रशारण हुदै आएको छ ।

### १७. सरकारी सवारी साधन सञ्चालन कार्यविधि २०७५ तर्जुमा तथा कार्यान्वयन



सरकारी सवारी साधनहरुको सदुपयोग सम्बन्धी कार्यविधि २०७५

पृष्ठभुमी

सरकारी स्रोत साधनको समुचित प्रयोग गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउन रसुवा जिल्ला अन्तर्गतका सबै सरकारी निकायहरुमा रहेका सरकारी सवारी साधनहरु सञ्चालनलाई व्यवस्थित गर्न गृह मन्त्रालयबाट मिति २०७४/१२/०५ गते जारी ३७ बुँदे निर्देशन अनुसार यो कार्यविधि तयार गरिएको छ ।

खण्ड "क"

१. सवारी साधन सञ्चालन प्रक्रिया

१.१ सरकारी कार्यालयहरुको सवारी साधन व्यवस्थापन

क. जिल्ला भित्रका सबै सरकारी कार्यालयहरु (स्थानीय तह अन्तर्गत रहेका सरकारी कार्यालय समेत) बाट अनुसुची १ बमोजिमको ढाँचामा प्राप्त सवारी साधनहरुको विवरण जिल्ला प्रशासन कार्यालयमा राखिनेछ ।

ख. कार्यालयको कामको सिलसिलामा मात्र सरकारी सवारी साधनको प्रयोग गर्नु पर्नेछ । कार्यालयको अत्यावश्यक काम विना कार्यालय समय अगाडी र पछाडी सामान्यत सरकारी सवारी साधन प्रयोग हुने छैन ।

ã जिल्लामा रहेका सरकारी सवारी साधनहरूको व्यवस्थित उपयोगका लागि सरकारी सवारी साधान सदुपयोग सम्बन्धी कार्यविधि २०७५ जारी गरिएको छ । जस अनुसार स्थानीय तह अन्तर्गतका कार्यालयका सवारी साधनहरूको हकमा स्थानीय तह प्रमुखबाट अनुमति लिई सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ । सार्वजानिक विदाका दिन कार्यालयको काम बाहेक सवारी सञ्चालन गर्न नपाइने साथै एक भन्दा बढी कार्यालयका प्रमुख र कर्मचारी एउटै गन्तव्यमा जानुपर्दा सम्भव भएसम्म एउटै सवारी साधन प्रयोग गर्ने लगायतका व्यवस्थाहरूको कार्यान्वयन भइरहेको छ ।



### १८. बजार अनुगमन

ã खाद्यान्न, औषधी तथा दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सरल र सहज आपूर्ति, गुणस्तर र लागतलाई जनअपेक्षित तुल्याउन नियमित रूपमा बजार अनुगमन भैरहेको छ । भूकम्प पश्चातको पूननिर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरूको आपूर्ति व्यवस्थापनका लागि समेत निर्माण सामाग्री भण्डारण गृहहरूको अनुगमन गरी गुणस्तरीय सामाग्री वितरण हुने वातावरण सिर्जना गरिएको छ ।

### १९. लैङ्गिक हिंसा विरूद्धको १६ दिने राष्ट्रिय अभियानमा School Outreach Program सञ्चालनः



ã लैङ्गिकता, लैङ्गिक हिंसा सम्बन्धी कानूनी व्यवस्था लैङ्गिक हिंसा न्यूनिकरणमा सामुदायिक विद्यालयको भूमिका विषयमा यस जिल्ला अन्तरगत सञ्चालित सबै माध्यमिक विद्यालय (२३ वटै) मार्फत विद्यार्थीको नेतृत्वमा समुदाय सचेतना गरी School Outreach Program सञ्चालन गरिएको छ । यो कार्य जिल्ला प्रशासन कार्यालयबाट नेपाल शिक्षक महासंघ रसुवासँग सहकार्य गरी सञ्चालन गरिएको थियो ।

### २०. एकीकृत घुम्ती सेवा शिविर सम्बन्धमाः



ã रसुवा जिल्लाको दुर्गम स्थान नौकुण्ड गाउँपालिका अन्तरगत पार्च्याङमा मिति २०७५/०८/२२ र २३ गते एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरिएको छ । उक्त शिविरमा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, लगायत १२ वटा सरकारी कार्यालयबाट सेवा प्रवाह भएको थियो । उक्त शिविरमा नेपाली नागरिकता प्रमाणपत्र ३५१ जनालाई, फोटो सहितको मतदाता परिचयपत्र २८६, स्वास्थ्य परीक्षण १५० जनालाई, Judicial outreach १५० जना लगायतका विभिन्न सेवाहरू प्रवाह भएको छ ।

### २१. सबै सरकारी कार्यालयको कार्यसम्पादन सुधार कार्य योजना तर्जुमा तथा प्रवोधिकरणः

ã सबै सरकारी कार्यालयले कार्यालयको व्यवस्थापन, सेवा प्रवाहमा सुधार र कार्यालयको TOR सँग सम्बन्धित कार्यहरूलाई व्यावसायिक योजनावद्ध रूपमा कार्यान्वयनका लागि कार्य सम्पादन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भई रहेको छ । सरकारी कार्यालयहरूबाट प्राप्त सुधार योजना जिल्ला प्रशासन कार्यालयको Website मार्फत सार्वजानिक गर्ने गरिएको छ ।

**२२. शैक्षिक गुणस्तर सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयनः**




ã रसुवा जिल्लाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित सुधारका क्रियाकलाप समावेश गरी जिल्ला प्रशासन कार्यालयबाट शैक्षिक गुणस्तर सुधार कार्ययोजना २०७५ तर्जुमा गरिएको छ । कार्ययोजना तर्जुमाका क्रममा शिक्षकका पेशागत संगठन तथा स्थानीय तहका जनप्रतिनिधि लगायतका सरोकारवाला हरूको पृष्ठपोषणका आधारमा कार्ययोजना तर्जुमा गरी जिल्ला शिक्षा समितिबाट स्वीकृत गरि नुका साथै कार्ययोजना कार्यान्वयनका लागि सबै स्थानीय तह तथा विषयगत कार्यालय, पेशागत संगठन, गैससबाट प्रतिवद्धता प्राप्त भई कार्यान्वयन भैरहेको छ ।

**२३. मनसुन आपतकालीन कार्ययोजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Recovery Plan – DPRP) २०७५ तर्जुमा, प्रकाशन, प्रवोधिकरण तथा कार्यान्वयन :**




ã जिल्ला विपद् व्यवस्थापन समिति रसुवाबाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Recovery Plan) रसुवा २०७५ स्वीकृत भई कार्यान्वयनको क्रममा छ । उक्त योजनामा मूलतः रसुवा जिल्लामा देखा पर्ने विपद्का सबै क्षेत्रहरू (पहिरो, हिमपात, आगलागी, बाढी, वन्यजन्तु आक्रमण लगायत) को पूर्वतयारी तथा प्रतिकार्य गर्ने गरी क्रियाकलाप समावेश गरिएको, विपद् व्यवस्थापनका लागि सबै गैसस, जलविद्युत आयोजना, निजी क्षेत्रले समेत लागत साझेदारी गर्नुपर्ने व्यवस्था गरिएको, धुन्चे स्थीत Ware House मा विपदका सबै क्षेत्र र प्रकारलाई प्रतिकार्य (Response) गर्न सक्ने गरी आवश्यक न्यूनतम सामाग्रीहरू व्यवस्थापन गर्ने रणनिति रहेको, विपद् सहायता कार्ड मार्फत विपद पश्चातको राहात वितरण कार्यलाई व्यवस्थित बनाइने, विपद व्यवस्थापन अन्तर्गत पूर्व तयारीका कार्यहरूलाई विशेष जोड दिने साथै स्थानीय तहबाट विपद् व्यवस्थापनका कार्यहरूलाई प्रभावकारी वनाउने सम्बन्धमा विभिन्न क्रियाकलापहरू समावेश गरिएको छ ।

**२४. एकीकृत नागरिक वडापत्र प्रकाशन तथा प्रशोधिकरणः**




ã जिल्लास्तरमा रहेका सार्वजनिक निकायले प्रवाह गर्ने सेवा, मापदण्ड, तथा प्रकृयाहरू समावेश गरी एकीकृत नागरिक वडापत्र प्रकाशन गरी स्थानीय तहको सहयोगमा सबै स्थानीय तहको वडास्तरसम्म प्रवोधिकरण गरि सेवा प्राप्तिका लागि आवश्यक पर्ने मापदण्ड, प्रक्रिया र कागजातहरूका बारेमा सेवाग्राहीहरूलाई जानकारी हुने सुनिश्चतता गरिएको छ ।

**२५. हिमपात जन्य प्रकोपको पूर्व तयारी र प्रतिकार्यका लागि न्यानो कपडा (Blanket) वितरणः**

ã Disaster Preparedness and Response Plan (DPRP) अनुसार हिमपात जन्य प्रकोपबाट प्रभाव पर्न सक्ने क्षेत्रका विपन्न परिवारहरूलाई न्यानो कपडा (Blanket) वितरण गर्ने योजना अनुसार आमाछोदङ्मो गाउँपालिका अन्तर्गत गत्लाङ, चिलिमेमा ५८ घरधुरीहरूलाई ६७ वटा, गोसाईकुण्ड गाउँपालिका अन्तर्गत लाङटाङमा १६ घरधुरीलाई १६ वटा, नौकुण्ड गाउँपालिका वडा नं. २ अन्तर्गत सिमबन्दी,






बच्चा, दोक्लाङमा ८० घरधुरीहरूलाई ८० थान न्यानो कपडा (Blanket) हिमपात जन्य प्रकोप प्रतिकार्यका लागि वितरण गरिएको छ ।

**२६. माध्यमिक तहका सामाजिक शिक्षकहरूलाइ सामाजिक अपराध न्यूनीकरण सम्पर्क शिक्षक तोकी सामाजिक अपराध न्यूनिकरणका लागि School Outreach Program सञ्चालन र सामाजिक अपराध न्यूनिकरणका लागि स्थानीय तहमा सचेतना अभिवृद्धिः**




ã शान्ति सुरक्षा तथा सामाजिक अपराध न्यूनीकरण का लागि तर्जुमा भएका कानूनी, नीतिगत व्यवस्थाको जानकारीको अभावमा सामाजिक अपराध नघट्ने बातावरण सिर्जनाका समुदायस्तरसम्म अभिमुखिकरण र सचेतीकरण गर्नका लागि माध्यमिक तहमा अध्यापनरत सामाजिक विषय शिक्षकलाई सामाजिक अपराध न्यूनिकरण सम्पर्क शिक्षक (Focal Teacher) तोकी क्षमता विकासका कार्यक्रमहरू समेत सञ्चालन भैसकेको छ । आगामी दिनमा समुदायमा विद्यार्थी (School Outreach Program) अन्तर्गत विद्यालय मार्फत जिल्ला भर सामुदाय स्तर सम्म अभिमुखीकरण तथा सचेतना अभिवृद्धि गरिनेछ । यस कार्यका लागि Focal teacher हरूबाट विद्यालय स्तरीय योजना तर्जुमा भई कार्यान्वयनमा सहजीकरणका लागि स्थानीय तहलाई समेत अनुरोध गरिएको छ ।

**२७. सवारी साधन प्रयोग गरी हुने तस्करी नियन्त्रण तालिम सञ्चालन**

ã रसुवागढी नाका नेपाल र चीनको हाल सञ्चालनमा रहेको एक मात्र स्थल मार्ग

रहेको हुनाले सवारी साधन प्रयोग गरी हुने चोरी तस्करी नियन्त्रण गर्नका लागि लामटाङ राष्ट्रिय निकुन्ज रसुवासँगको सहकार्यमा मिति २०७५।०६।०७ र ०८ गते टिमुरे रसुवामा सुरक्षाकर्मीहरूका लागि क्षमता विकास तालिम सञ्चालन गरिएको छ । तालिम कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल तथा राष्ट्रिय अनुसन्धानका सुरक्षाकर्मीहरू गरी जम्मा २५ जना सुरक्षाकर्मीहरूको सहभागीता रहेको थियो । सवारी साधनहरूमा फल्स वटम वनाइ हुने चोरी तस्करी नियन्त्रणका लागि फल्स वटन बनाउन सकिने सम्भावित स्थानहरूका वारेमा विज्ञ प्रशिक्षकबाट प्रयोगात्मक अभ्यास सहितको तालिम सञ्चालन गरिएको थियो । यस्ता कार्यहरूबाट प्रविधिमैत्री सुरक्षा चेकजाँचमा सुरक्षाकर्मीहरू सक्षम हुने र अवध चोरी तस्करी नियन्त्रण हुने अपेक्षा गरिएको छ ।

**२८. चिनीया समकक्षीसँग समन्वय**



ã रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुख तथा जनवादी गणतन्त्र चीनको केरूङ स्थित Keyrong Frontier Inspection Station का सुरक्षा अधिकारीहरू बिच नियमित रूपमा समन्वय हुने संयन्त्र रहेको छ । उक्त संयन्त्रको बैठक कम्तिमा २/२ महिनामा र आवश्यकतानुसार पारस्पारिक रूपमा नेपाल सरकार गृह मन्त्रालयको अनुमतिमा हुने व्यवस्था रहेको छ । दुई देशका स्थानीय अधिकारीहरूबिच चीन (केरूङ) सम्म सबै नेपालीहरूलाई सहज प्रवेश अनुमति, सीमाजन्य आपराधिक गतिविधि न्यूनिकरण, सून लगायतका अवैध वस्तुहरूको चोरी तस्करी नियन्त्रण, चिन विरोधी गतिविधि हुन नदिने लगायतका पारस्पारिक हितका विषयमा छलफल हुने गरेको छ ।

## च. जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. | |
|---|---|---|---|---|---|
| १ | कृष्ण पौडेल | प्र. जि. अ. | विराटनगर म.न.पा.-४, मोरङ | ९८५१२७७७७७ | स्थायी |
| २ | देवर्षि सापकोटा | स. प्र. जि. अ. | रामेछाप न.पा-१, रामेछाप | ९८५१०९०६३४ | स्थायी |
| ३ | विष्णु प्रसाद रिमाल | नायब सुब्बा | विदुर-२, नुवाकोट | ९८४१८१४२१५ | स्थायी |
| ४ | कृष्णहरि पुडासैनी | नायब सुब्बा | कागेश्वरी मनोहरा-३, काठमाडौं | ९८५१२०९९११ | स्थायी |
| ५ | जीवनराज अधिकारी | लेखापाल | फोईमहादेव-२, कालिकोट | ९८४९०२३४०४ | स्थायी |
| ६ | अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | चौदडीगढी न.पा.-५, उदयपुर | ९८५२८५१०३० | करार |
| ७ | विकास भट्टराई | कम्प्युटर अपरेटर | त्रियुगा न.पा., उदयपुर | ९८४४११०८४७ | करार |
| ८ | कुमार निरौला | खरिदार | अन्पूर्ण-८, भोजपुर | ९८४०४२२३३४ | स्थायी |
| ९ | रामशरण आचार्य | हलुका सवारी चालक | कालिका गा.पा.-३, रसुवा | ९८६९०४७६८२ | करार |
| १० | चेतनाथ भट्ट | कार्यालय सहयोगी | उत्तरगया-४, रसुवा | ९८५१२१९८९९ | करार |
| ११ | भवराज न्यौपाने | कार्यालय सहयोगी | उत्तरगया-४, रसुवा | ९८४१०८४७१९ | करार |
| १२ | सुरेश पुडासैनी | कार्यालय सहयोगी | वेलकोटगढी, नुवाकोट | ९८४९१६३२७८ | करार |
| १३ | पोष प्रसाद न्यौपाने | कार्यालय सहयोगी | उत्तरगया-४, रसुवा | ९८४३१२६५१३ | करार |
| १४ | जीवन अधिकारी | कार्यालय सहयोगी | त्रियुगा न.पा., उदयपुर | ९८६२९२४५४८ | करार |

## छ. हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरूको विवरण

| सिन | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | श्री भुवनमान कायस्थ | २०३० पौष | २०३२/०३/०१ | उपलब्ध हुन नसकेको |
| २ | श्री शिवपंसाद शर्मा (का.मु.) | २०३२/०३/०२ | २०३३/०६/०४ | ,, |
| ३ | श्री धनबहादुर बस्नेत | २०३३/०६/०५ | २०३४/०१/०७ | ,, |
| ४ | श्री शिवप्रसाद शर्मा (का.मु.) | २०३४/०१/०८ | २०३६ असार मसान्त | ,, |
| ५ | श्री मधुसुदन प्रसाद गोर्खाली | २०३६ श्रावण | २०३६ चैत्र मसान्त | ,, |
| ६ | श्री रघुवीरमान श्रेष्ठ (का.मु.) | २०३७ बैशाख | २०३८ असार | ,, |
| ७ | श्री डम्बरध्वज खाँड (का.मु.) | २०३८ श्रावण | २०३९/०९/०५ | ,, |
| ८ | श्री पदमबहादुर थापा | २०३९/०९/१६ | २०४१/०१/०४ | ,, |
| ९ | श्री रामेश्वर देवकोटा | २०४१/०१/०५ | २०४५/०१/०९ | ,, |
| १० | श्री बलराम शर्मा | २०४५/०१/२० | २०४७/०५/०७ | ,, |
| ११ | श्री प्रेमबहादुर शाक्य | २०४७/०५/०८ | २०४८/०८/३० | ,, |
| १२ | श्री लक्ष्मी कान्त झा | २०४८/०९/०१ | २०४९/०९/२२ | ,, |
| १३ | श्री देव नारायण यादब | २०४९/०९/२३ | २०५१/०१/०९ | ,, |
| १४ | श्री विष्णुराज कुसुम | २०५१/०१/२० | २०५२/०२/३० | ,, |
| १५ | श्री ध्रुवप्रसाद घिमिरे | २०५२/०३/०८ | २०५२/१०/०२ | ,, |
| १६ | श्री रामेश्वर प्रसाद घिमिरे | २०५२/१०/२४ | २०५३/११/१९ | ,, |
| १७ | श्री नेत्रप्रसाद न्यौपाने | २०५३/११/२० | २०५४/१०/१९ | ,, |
| १८ | श्री खगेन्द्र देव जोशी | २०५४/१०/२० | २०५५/०५/२८ | ,, |
| १९ | श्री भुवनेश्वर जोशी | २०५५/०६/११ | २०५६/०८/१९ | ,, |
| २० | श्री डिकबहादुर गुरूङ | २०५६/०८/२० | २०५७/११/१५ | ,, |
| २१ | श्री मोहन प्रसाद पोखरेल | २०५७/११/१७ | २०५९/०२/०७ | ,, |
| २२ | श्री क्षेत्रबहादुर भण्डारी | २०५९/०२/०८ | २०६२/०२/३१ | ,, |



गोसाईकुण्ड (बायाँ) र भैरवकुण्ड (दायाँ)

## २०६२ सालदेखि हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरूको फोटो सहितको विवरण


श्री त्रिलोक प्रसाद श्रेष्ठ (का.मु.)
कार्य अवधि :
२०६२/०३/०६ देखि
२०६३/०३/१५ सम्म


श्री हरिप्रसाद मैनाली
कार्य अवधि :
२०६३/०३/२८ देखि
२०६४/०५/०६ सम्म


श्री उद्धव बहादुर थापा
कार्य अवधि :
२०६४/०५/०९ देखि
२०६५/०७/०६ सम्म


श्री रविराज काफ्ले
कार्य अवधि :
२०६५/०७/१७ देखि
२०६६/०५/२५ सम्म


श्री जीवन प्रसाद वली
कार्य अवधि :
२०६६/०६/०४ देखि
२०६६/११/२४ सम्म


श्री शिवप्रसाद नेपाल
कार्य अवधि :
२०६६/१२/०४ देखि
२०६७/०९/१२ सम्म


श्रीकृष्ण श्रेष्ठ
कार्य अवधि :
२०६७/०९/२६ देखि
२०६८/०३/०२ सम्म


श्री कमलकान्त रेग्मी
कार्य अवधि :
२०६८/०३/१३ देखि
२०६९/०६/०२ सम्म


श्री बासुदेव घिमिरे
कार्य अवधि :
२०६९/०६/२४ देखि
२०७१/०१/२७ सम्म


श्री उद्धव प्रसाद भट्टराई
कार्य अवधि :
२०७१/०२/०४ देखि
२०७२/०२/२८ सम्म


श्री शिवराम गेलाल
कार्य अवधि :
२०७२/०२/३२ देखि
२०७२/११/२६ सम्म


श्री कृष्णप्रसाद अधिकारी
कार्य अवधि :
२०७२/११/२७ देखि
२०७३/०८/२८ सम्म


श्री चोमेन्द्र न्यौपाने
कार्य अवधि :
२०७३/०८/२९ देखि
२०७४/०४/३० सम्म


श्री हिरा देवी पौडेल
कार्य अवधि :
२०७४/०४/३२ देखि
२०७४/०८/०६ सम्म


श्री चोमेन्द्र न्यौपाने
कार्य अवधि :
२०७४/०८/०६ देखि
२०७५/०१/१४ सम्म


श्री कृष्ण पौडेल
कार्य अवधि :
२०७५/०१/१६ देखि
हालसम्म

## रसुवा जिल्लाका सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूको विवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुख | सम्पर्क नम्बर | सूचना अधिकारीको नाम | सूचना अधिकारीको सम्पर्क नम्बर | कार्यालयको फोन नं. | कार्यालयको इमेल |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार मातहतका निकायहरू | | | | | | | |
| १ | रसुवा जिल्ला अदालत | | | राजेन्द्र लुईटेल | ९८५१०५७४२९ | ०१०-५४०१२० | info.dcrasuwa@supremecourt.gov.np |
| २ | जिल्ला प्रशासन कार्यालय | कृष्ण पौडेल | ९८५१२७७७७७ | देवर्षि सापकोटा | ९८५११६४४२२ | ०१०-५४०१३१, ५४०१३२, ५४००१९ (Hotline) | rasuwadao@gmail.com |
| ३ | रसुवा भन्सार कार्यालय | पुण्य विक्रम खड्का | ९८५१०९६६८० | भुपेन्द्र कुमार कार्की | ९८५११४५७९७ | ०१०-६७०१८२ | |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | दिपक लामिछाने | ९८५११९९३५३ | प्रतिपजंग रायामाझी | ९८४००९७१५८ | ०१०-५४०१४० | rasuwa.dto@fcgo.gov.np |
| ५ | लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सुष्मा राना | ९७५१०११८५५ | शिवलाल गैरे | ९८५५०१९५३४ | ०१०-५४०२१९ | lamtangnp2032@gmail.com |
| ६ | जिल्ला सरकारी वकिल कार्यालय | बाबुराम भट्टराई | ९८५१२५४१७७ | दधिराम बराल | ९८४३०२७७३८ | ०१०-५४०१७७ | jisawaka.rasuwa@gmail.com |
| ७ | अध्यागमन कार्यालय | विष्णुबहादुर घर्ती | ९८५७०६४४४४ | लोहस प्रसाद सिग्देल | ९८४४४३९४४७ | ०१०-५४३००३ | rasuwaimmigration2071@gmail.com |
| ८ | जिल्ला हुलाक कार्यालय | राजेश श्रेष्ठ | ९८५११८२२७७ | हरि मिजार रस्तेल | ९८६३१९५१२० | ०१०-५४०१४५ | postoffice45000@gmail.com |
| ९ | मालपोत कार्यालय | गणेश श्रेष्ठ | ९८५१११४९६० | एलिना थापा | ९८६३१९५१०६ | ०१०-५४०१३५ | inforasuwalro2@gmail.com |
| १० | जिल्ला निर्वाचन कार्यालय | शुशीला श्रेष्ठ | ९८४११९३६७० | राजन प्रसाद वास्तोला | ९८४२९३२५८५ | ०१०-५४०१५४ | deorasuwa@gmail.com |

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुख | सम्पर्क नम्बर | सूचना अधिकारीको नाम | सूचना अधिकारीको सम्पर्क नम्बर | कार्यालयको फोन नं. | कार्यालयको इमेल |
|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षा विकास तथा समन्वय इकाई | बालकृष्ण सिम्खडा | ९८५११६३६६७ | बालकृष्ण सिम्खडा | ९८५११६३६६७ | ०१०–५४०१५७ | rasuwadeo@gmail.com |
| १२ | कारागार कार्यालय | माङकल राई | ९८५१२७६७७७ | हरि मिजार रम्तेल | ९८६३१९५१२० | ०१०–५४०२४९ | rasuwadpo@gmail.com |
| १३ | नापी कार्यालय | ध्रुव पौडेल | ९८४९१४९६८३ | सुबिन्द्र श्रेष्ठ | ९८४१३५००३९ | ०१०–५४०१३४ | napi.rasuwa@gmail.com |
| १४ | जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) | कृष्णकान्त उपाध्याय | ९८४३५८८६८६ | मौलीधन राई | ९८४१७४०३३३ | ०१०–५४००७९ | nradccsrasuwa100@gmail.com |
| १५ | जिल्ला आयोजना कार्यालयन्वयन ईकाइ (भवन) | कोषनाथ अधिकारी | ९८५५०४६५८४ | सरोज कुमार यादव | ९८५१२१२७९९ | ०१०–५४००६१ | mouddlpiurasuwa@gmail.com |
| १६ | जिल्ला आयोजना कार्यालयन्वयन ईकाइ (शिक्षा) | शरद भण्डारी | ९८४३३७२८१० | प्रदिप शर्मा | ९८६३१९५१०९ | | dlpiurasuwa@gmail.com |
| १७ | सडक डिभिजन नुवाकोट (रसुवा सम्पर्क कार्यालय, रसुवा) | निरज शाक्य | ९८५१२४९२८५ | द्रोण प्रसाद फुयाल | ९८५१२५६७४३ | | |
| १८ | प्लान्ट क्वारेन्टाईन कार्यालय | कुलदेव घिमिरे | ९८५५०६१३७३ | राधेश्याम वरै | ९८६०२२२३३६ | | |
| १९ | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय | अतिस घिमिरे | ९८४२३५२२६८ | अतिस घिमिरे | ९८४२३५२२६८ | ०१०–५४३११० | |
| **प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू** | | | | | | | |
| २० | डिभिजन वन कार्यालय | शान्ता सुवेदी | ९८५११०८८२८ | गुप्त बहादुर वस्नेत | ९८५११८६३७० | ०१०–५४१८८ | |
| २१ | घरेलु तथा साना उद्योग विकास समिति | खगेन्द्र नेपाल | ९८५१०७३००५ | बिमल आचार्य | ९८५११२९२९० | ०१०–५४०१०४ | csidbrasuwa@gmail.com |
| २२ | जिल्ला स्वास्थ्य कार्यालय | शिव बडाल | ९८४१५४६८३१ | शिव बडाल | ९८४१५४६८३१ | ०१०–५४०१८८ | dhorasuwa@gmail.com |
| २३ | जिल्ला अस्पताल | डा.दिपक मिश्र | ९८४४२९६३६९ | | | | |
| २४ | जलस्रोत तथा सिंचाई विकास सव(डिभिजन कार्यालय | चक्र विक्रम सिंह | ९८५१२११७७५ | सोमनाथ न्यौपाने | ९७४१२०२७३७ | ०१०–५४००५८ | idsdrasuwa0@gmail.com |
| २५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | रामबाबु साह | ९८४४०७२७५३ | उत्तम विष्ट | ९८४३०५१८६० | ०१०–५४०२१४ | |
| २६ | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट (जिल्ला सम्पर्क केन्द्र, रसुवा) | गोपिराज चालिसे (केन्द्र प्रमुख नुवाकोट) | ९८४१३२९०११ | वलवीर खड्का | ९८४८१०८१९० | | |
| **स्थानीय तह अन्तर्गतका कार्यालयहरू** | | | | | | | |
| २७ | जिल्ला समन्वय समिति | प्रदिप निरौला | ९८५१२५००३६ | थानेश्वर भुषाल | ९८४१२५९५७१ | ०१०–५४०१४२ | ddcrasuwa@gmail.com |
| २८ | गोसाईकुण्ड गाउँपालिका | पुरूषोतम सापकोटा | ९८५५०७५३०३ | अर्जुन डोटेल | ९८४१५५९२७० | ०१०–५४१०८८ | gosaikundapalika@gmail.com |
| ३९ | आमाछोदिङमो गाउँपालिका | विक्रम लिम्बु | ९८४९०४५३३६ | रमेश गुप्ता | ९८४३६८३१०७ | | into.aamachhodingmomun@gmail.com |
| ३० | कालिका गाउँपालिका | शर्मिला न्यौपाने | ९८६०११५०९५ | लिलानाथ नेपाल | ९८६००५६३८४ | | kalikagaupalika@gmail.com |
| ३१ | नौकुण्ड गाउँपालिका | हरिहर कार्की | ९८४१२९४६०७ | हरिहर कार्की | ९८४१२९४६०७ | | naukundagaunpalika@gmail.com |
| ३२ | उत्तरगया गाउँपालिका | बसन्त बहादुर खत्री | ९८५१२५४७९० | उत्सव पौडेल | ९८४९६०७९०३ | | uttargayarm@gmail.com |
| **सुरक्षा निकाय** | | | | | | | |
| ३३ | कालीजंग गण | शितल वानिया | ९८५५०२१४६९ | - | - | ०१–५४०१०२२२७५ | |
| ३४ | जिल्ला प्रहरी कार्यालय | सन्तोष तामाङ | ९८५१२५४७९० | - | - | ०१–५४०१९९२२०० | dporasuwa@nepalpolice.gov.np |
| ३५ | सशस्त्र प्रहरी वल नेपाल, गुल्म हे. क्वा. रसुवा नं.२०, धुन्चे | मेखराज जोशी | ९८५१२७२२३७ | - | - | ०१–५४००३७ | apfrasuwa.coy@gmail.com |
| ३६ | सशस्त्र प्रहरी वल नेपाल, गुल्म हे. क्वा. रसुवा नं. २१, टिमुरे | जीवन के.सी. | ९८५११२८०५३ | - | - | | rasuwan21coy@apf.gov.np |
| ३७ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | डिल्लीराम भट्टराई | ९८५२६७५३५३ | - | - | ०१–५४०२२० | |
| **नेपाल सरकार अन्तर्गतका परिषद्प्रतिष्ठान तथा अर्ध सरकारी निकायहरू** | | | | | | | |
| ३८ | रेन्वो ट्राउट अनुसन्धान केन्द्र (मत्सय) | गोपालप्रसाद लम्साल | ९८५६०१६७८९ | सुरज कुमार सिंह | ९८४२५२९२११ | ०१०–५४००२४ | trautfish.rasuwa@gmail.com |
| ४९ | कृषि अनुसन्धान केन्द्र (चरन) | पुर्णभद्र चापागाई | ९८५६०३४९०४ | नरेन्द्र प्रसाद शाह | ९८४४०५८४०५ | ०१०–५४०१३७ | arspasture@live.com |
| ४० | नेपाल विद्युत प्राधिकरण | कृष्ण हरी दाहाल | ९८५११०६५७६ | विद्या सागर श्रेष्ठ | ९८४३२८९०६३ | ५४००७६२१७६ | dhunchedcs.nea@gmail.com |
| ४१ | नेपाल टेलिकम | भिमराज भुषाल | ९८५१०५७४५५ | ज्ञानेन्द्र नेपाल | ९८५११४५६७४ | ५४०१२२२२२२ | krd.dhunche@nct.net.com |
| ४२ | नेपाल बैक लि. | संजीप लामा | ९८५११०६५३६ | सम्झना गोसाई | ९८४१११२४६१ | | nbldhunche@nbl.com.np |
| ४३ | कृषि विकास बैंक | राम उदागर बिराजी | ९८५४०२१८०३ | दिपक श्रेष्ठ | ९८४१३५०८४९ | | dhunche.sbranch@adbl.gov.np |

# रसुवा जिल्लामा सञ्चालित मुख्य विकास आयोजनाहरू

## १. जलविद्युत आयोजनाहरू

| क्र.सं. | विद्युत आयोजनाको नाम | क्षमता | आयोजना सम्पन्न हुने मिति | हालसम्मको प्रगती |
|---|---|---|---|---|
| १ | चिलिमे जलविद्युत आयोजना | २२ MW | पूर्ण सञ्चालनमा रहेको | |
| २ | रसुवागढी जलविद्युत आयोजना | १११ MW | फाल्गुन, २०७६ | ६८% |
| ३ | त्रिशुली ३ ए जलविद्युत आयोजना | ६० MW | चैत्र, २०७५ | ८५% |
| ४ | त्रिशुली ३ वि जलविद्युत आयोजना | ३७ MW | फाल्गुन, २०७७ | २८.०५ % |
| ५ | सान्जेन जलविद्युत आयोजना | ५७ MW (१४.८×४२.५) | पौष, २०७६ जेष्ठ, २०७७ | ७०% |
| ६ | सुपर सान्जेन जलविद्युत आयोजना | ७८ MW | श्रावण,२०७९ | १०% |
| ७ | अप्पर त्रिशुली एक (ग्ज्ञ) जलविद्युत आयोजना | २१६ MW | चैत्र, २०८० | ५% (पहुच मार्ग, आवास भवन) |
| ८ | मैलुङ जलविद्युत आयोजना | ५ MW | पूर्ण सञ्चालनमा रहेको | |
| ९ | माथिल्लो मैलुङ जलविद्युत आयोजना | १४.३ MW | असार, २०७८ | १५% |
| १० | माथिल्लो मैलुङ ä जलविद्युत आयोजना | ६.४ MW | असोज,२०७६ | ८५% |
| ११ | लामटाङ जलविद्युत आयोजना | २० MW | २०७८ चैत्र | १०% |
| १२ | लामटाङ भोटेकोशी जलविद्युत आयोजना | १२० MW | २०७८ चैत्र | ५% (पहुँच मार्ग,आवास भवन) |
| १३ | फलाखुखोला पहिलो जलविद्युत आयोजना | १४.७ MW | माघ, २०७७ | ३०% |
| १४ | फलाखुखोला दोस्रो जलविद्युत आयोजना | ५ MW | माघ, २०७७ | २०% |
| १५ | न्यामनाङ खोला जलविद्युत आयोजना | ६ MW | | |
| १६ | त्रिशुली घ द्य हव सव स्टेशन आयोजना | | असार, २०७६ | ४५% |
| १७ | चिलिमे( त्रिशुली २२० पख प्रशारण लाइन | २२० KV | असार ,२०७६ | २५% |
| १८ | रसुवा(नुवाकोट वितरण प्रणाली पुननिर्माण तथा सुधार आयोजना | | पौष, २०७९ | २०% |
| १९ | गल्छी (रातमाटे) ( रसुवागढी (केरूङ ४०० KV प्रशारण लाइन आयोजना (China - Nepal Greed Connectivity) | ४०० KV | असार, २०८० | सम्भाव्यता अध्ययन भैरहेको । |

**नोटः** अप्पर त्रिशुली २,लामटाङ र मध्य त्रिशुली गंगा जलविद्युत आयोजना निर्माणको योजनामा रहेका छन् ।

## २. सडक आयोजना

| क्र.सं. | आयोजनाको नाम | दुरी | आयोजना सम्पन्न हुने मिति | हालसम्मको प्रगती (%) |
|---|---|---|---|---|
| १ | गल्छी( त्रिशुली (मैलुङ (स्याफ्रूवेशी ( रसुवागढी सडक आयोजना | ८२ कि मि | २०७७ | ३५ |

# जिल्ला प्रहरी कार्यालय रसुवाको

## कसुरको सुचना तथा अनुसन्धान सम्बन्धी कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण रसुवावासीलाई अनुरोध

**क. कसुरको जाहेरी दरखास्त वा सूचना दिनु हुन :**

१) कुनै कसुर भएको, भईरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउनु भएमा कसुरको सम्बन्धमा आफुसँग भएको वा आफुले देखे जाने सम्मको सबुद प्रमाण खुलाई निम्न अनुसारको ढाँचामा लिखित जाहेरी दरखास्त वा मौखिक सूचना (९८५१२७५५५५ DSP) वा बिद्युतीय माध्यमबाट यस कार्यालयको इमेल dporasuwacrimebranch@nepalpolice.gov.np मा पठाइदिनुहुन ।

२) विद्युतीय माध्यमबाट जाहेरी दरखास्त वा सूचना सूचना दिएकोमा त्यस्तो जाहेरी दरखास्त प्राप्तिको सूचना विद्युतीय माध्यमबाटै उपलब्ध गराइनेछ ।

जिल्ला प्रहरी कार्यालय रसुवा, धुन्चेमा पेश गर्ने

**जाहेरी दरखास्तको ढाँचा**

१. जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम थर र ठेगाना (टोल सहित) फोन नम्बर :-
२. कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो :-
३. कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :-
४. कसुर गर्ने व्यक्तिको बाबु र आमाको नाम :-
५. कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-
६. कसुर सम्बन्धी बिबरण :-
   (क) कसुर भएको वा भइरहेको वा हुन लागेको स्थान, ठाउँ, मिति र समय,
   (ख) कसुरसँग सम्बन्धित घटनाको विवरण,
   (ग) कसुरको प्रकृति र कसुरसँग सम्बन्धित अन्य विवरण,
   (घ) कसुरसँग सम्बन्धित सवुत प्रमाण,
   (ङ) कसुरसँग सम्बन्धित अन्य विवरण ।
७. यो दरखास्तको व्यहोरा ठिक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनु पर्ने र जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

**जाहेरी वा सूचना दिने व्यक्तिको :**
सही :
मिति :

३) जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालय वा सम्बन्धित जिल्ला प्रमुख जिल्ला अधिकारी समक्ष समेत जाहेरी दरखस्त वा सूचना सहित उजुर गर्न सकिने कानूनी व्यवस्था रहेकोले प्रहरी चौकीहरूमा जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेमा तुरुन्त यस जिल्ला प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष उजुर गर्नुहुन ।

**अपराधिक कार्य हुन लागेको वा भएको जानकारी दिन नेपाल प्रहरीको नि:शुल्क फोन नं. १०० मा गर्नुहोला ।**

**ख. अपराधको अनुसन्धान कार्यमा सहयोग गरिदिनुहुन :**

१. कुनै अपराध घटेको अवस्थामा अपराधीलाई नियन्त्रणमा लिई तुरुन्तै नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन ।

२. अपराध भएको स्थानमा रहेका सवुद प्रमाणहरूलाई नजिकको प्रहरी कर्मचारी नआएसम्म सुरक्षित राख्नुहुन ।

३. अपराधको अनुसन्धान कार्यमा सहयोग गर्नुहुन ।

# जिल्ला प्रशासन कार्यालय रसुवाको सेवाग्राहीहरूलाई अनुरोध

- सबै सरकारी/अर्धसरकारी कार्यालयले सबै सेवाग्राहीले सजिलै देख्न सकिने गरी नागरिक बडापत्र (सम्भव भएसम्म Digital Citizen Charter) को व्यवस्था गरीएको छ । साथै एकीकृत नागरिक वडापत्र २०७५ तयार गरी वडा कार्यालयसम्म पठाइएको छ । जिल्ला सदरमुकामबाट सेवा लिनुपर्ने अवस्थामा सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात तथा मापदण्डका वारेमा सुनिश्चित भएर मात्र सेवा लिन आउनुहुन ।
- सेवाग्राहीको सहजताका लागि सबै सरकारी कार्यालयहरूमा नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरिएको छ । Help Desk बाट सेवा प्रापतिका लागि पेश गर्नुपर्ने निवेदन, फारमहरू नि:शुल्क रूपमा लेख्नेरभर्ने व्यवस्था भएकोले केही निवेदन तथा फारम भर्नु पर्ने भए सम्बन्धित कार्यालयको Help Desk मा सम्पर्क गर्नुहुन ।
- कार्यालयको वारेमा केही सूचना आवश्यक भए सूचना अधिकारीलाई प्रत्यक्ष भेटेर वा सूचना अधिकारीहरूको मोबाइलमा सम्पर्क गर्नुहुन । रसुवा जिल्लामा रहेका सबै सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूको विवरण जिल्ला प्रशासन कार्यालय रसुवाको वेभसाइट www.daorasuwa.moha.gov.np मा राखिएको छ ।
- जिल्ला स्थित सरकारी कार्यालयबाट प्रवाह भएका सेवाका बारेमा कुनै गुनासो भए सम्बन्धित कार्यालयको गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुख समक्ष राख्नुहोला । सम्बन्धित कार्यालयबाट उचित रुपमा गुनासो सुनुवाई नभएमा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८५१२७७७७७ तथा हट लाइन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराउनु होला ।
- रसुवा जिल्ला स्थित सार्वजानिक निकायहरूका गतिविधिहरूका बारेमा जानकारी चाहिएमा सम्बन्धित कार्यालयको Website तथा Facebook page हेर्नुहुन ।
- सुशासन, शान्ति सुरक्षा, विपद्, सेवा प्रवाह सम्बन्धी गुनासो भएमा हटलाईन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराउनुहुन । हटलाइन सेवा २४ सै घण्टा सञ्चालनमा हुनेछ । हटलाइनमा टिपोट भएका उजुरी/गुनासोहरूको सम्बोधन भएको जानकारी सम्बन्धित गुनासो कर्तालाई सम्पर्क गरी जानकारी समेत गराइनेछ ।
- जिल्ला प्रशासन कार्यालयमा Free-Wi-Fi, शुद्व खानेपानी (तातोपानी समेत) तथा चियाको समेत व्यवस्था गरिएको छ । यस कार्यालयमा सेवा लिन आउदा आवश्यकतानुसार उक्त सेवाहरू उपयोग गर्नुहुन ।
- सामाजिक अपराध न्यूनिकरणका लागि माध्यमिक तहमा अध्यापनरत सामाजिक शिक्षकहरूलाई सामाजिक अपराध न्यूनिकरण सम्पर्क शिक्षक तोकिएको छ । उक्त शिक्षकहरूसँगको समन्वयमा माध्यमिक तहका विद्यार्थीहरूको नेतृत्वमा समुदायमा विद्यार्थी (School/Student Outreach Program) सञ्चालन हुँदैछ । उक्त कार्यमा आवश्यक सहयोग गरिदिनुहुन । साथै सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय सचेतनामा सहभागी भै दिनुहुन ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यमा आवश्यक सहयोग गरिदिनुहुन । कुनै स्थानमा आपराधिक कार्य हुन लागेको वा भएको जानकारी भएमा तुरुन्त नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी प्रमुखको सम्पर्क नं. ९८५१२७५५५५ वा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८५१२७७७७७ वा हटलाइन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराई सचेत नागरिकको भूमिका निर्वाह गरिदिनुहुन ।
- सार्वजानिक निकायबाट हुने सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी तथा जवाफदेही पूर्वक सञ्चालन गर्नका लागि विभिन्न प्रयासहरू हुँदै आएको छ । सार्वजानिक निकायबाट प्रवाह हुने सेवाको समय र गुणस्तरका सम्बन्धमा निगरानी बढाई सुधार का लागि यस कार्यालयलाई आवश्यक सुझाव दिनुहुन ।

; jf{wsf/ M

g]kfn ;/sf/
u[x dGqfno
lhNnf k|zf;g sfof{no
wG\r] /;'jf

kmf]g g+M )!)–%$)(!#!, %$)!#@, kmofS; g+M )!)–%$)!##
x6nfO{g M )!)–%$))!(
O{d]n M rasuwaldao@gmail.com
j]a;fO6 M daorasuwa.moha.gov.np
km]z a's M daorasuwa
l6\j6/ M @Rasuwadoa

मुद्रण : एक्सिस प्रिन्टर्स प्रा. लि., न्यूप्लाजा, काठमाडौं, फोन नं. : ०१-४४३६८६१, इमेल : axisprinters.ktm@gmail.com, वेबसाइट : www.axisprinters.com.np